प्रदेश सरकार
वन वातावरण तथा भूसंरक्षण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय
प्रदेश न. १,झापा

प. सं. ०७८/०७९
च.नं.

जडीबुटी विकास कार्यक्रम संचालन सम्बन्धी प्रस्ताव आवहानको सुचना
नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम प्रकाशित मिति :२०७८ १२ १७

यस कार्यालयको आ.व.०७८।०७९ को प्रदेश वन विकास तथा व्यवस्थापन कार्यकम तर्फको पकेट क्षेत्रमा जडीवुटी खेती विस्तार गर्ने कार्यकम रहेकोमा उक्त कार्यकम सन्चालनका लागि सम्वन्धित लागि ईच्छुक व्यवसायी,उधमी,सहकारी सामुदायिक तथा कवुलियती वन समूह वा कृषकको लागि प्रथम पटकको लागि यो २१ (एक्काईस) दिने सूचना प्रकाशन भएको छ । कार्यालय समयमा तोकिएको कागजात सहित निर्धारित ढाँचामा शिलवन्दी प्रस्ताव(Proposal) तयार गरी यस कार्यालयमा निवेदन पेश गर्नु हुन अनुरोध छ । थप जानकारीका लागि संवन्धित पकेट क्षेत्र तोकिएको स्थानिय तहको कार्यालय, सब डिभिजन वन कार्यालयका साथै यस कार्यालयको सुचना पाँटीमा टाँस भएको सुचना बाट प्राप्त गर्न सक्नु हुनेछ । रित नपुगेका र म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन ।

## तपशिल

**क) संचालन गरीने कार्यक्रमहरु :**

| सि.न. | कृयाकलाप | इकाई | परिमाण | अधिकतम रकम( रु हजारमा) | आवद्ध हुन सक्ने |
|---|---|---|---|---|---|
| १ | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | प्याकेज | १ | ४०० | उद्यमी,सामुदायिक तथा कबुलियती वन समूह, वा कृषक |

ख)उल्लेखित कियाकलापका लागि भद्रपुर न.पा.,अर्जुनधारा न.पा.,गौरादह न.पा.,मेचि नगर न.पा.र हल्दिवारी गा.पा.पकेट क्षेत्रबाट प्रस्तावना पेश गर्न सकिने छ ।

ग) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिने छ । शिलवन्दी प्रस्तावको बाहीरी खाममै कृयाकलापको नाम उल्लेख गर्नु पर्ने छ ।

घ) शिलवन्दी प्रस्ताव डिभिजन वन कार्यालय, भद्रपुर, झापामा म्याद भित्र दाखिला गर्नुपर्ने छ । दाखिला गर्दा निम्न वमोजिमको कागजात संलग्न राखी पेश गर्नुपर्नेछ ।

- आवेदन पत्र,
- नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि,(कृपकको हकमा)
- संस्था/समूह भएमा दर्ता प्रमाणपत्र, स्थायी लेखा न.प्रमाण पत्र, हालसालको करचुक्ता प्रमाणपत्र,वार्षिक नविकरण को साथै ३ वर्षको लेखापरिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।
- संक्षिप्त व्यवसायिक कार्ययोजना (प्राविधिक र आर्थिक प्रस्ताव)
- संवन्धित स्थानिय तहको सिफारीस
- संयुक्त लगानीको प्रस्तावमा मुख्य र अन्य प्रस्ताव भएको सम्झौता पत्र
- कार्यक्रम संचालन हुने स्थानको जग्गाधनी प्रमाण पत्र, हालसालैको तिरो रसीदको प्रतिलिपी,किता देखीने प्रमाणित नक्शा वा लिजमा लिएको भए कम्तीमा १० वर्षको लागि गरीएको करारनामा पत्र
- कार्यकम कार्यान्वयनमा स्वलगानी र बढी रोजगारी सृजना हुने उधमलाई विशेष प्राथमिकता दिईनेछ ।

- प्रस्तावकले जडिवुटी विकाश सम्बन्धित माथिउल्लेखित कृयाकलापका लागि विगतमा कुनैपनि निकायबाट अनुदान नलिएको र यस वर्ष समेत अन्य निकायबाट दोहोरो पर्ने गरी कुनै पनि निकायबाट अनुदान नलिएको हुनु पर्नेछ ।

ङ) प्राप्त प्रस्तावहरु प्रचलित नियमानुसार मुल्यांकन गरी प्राविधिक र आर्थिक प्रस्तावका प्राप्ताङ्क जोडेर मात्र अन्तिम नतिजा कायम गरिनेछ । यसरी अन्तिम नतीजामा सवैभन्दा धेरै अंङ्क प्राप्त गर्ने प्रस्तावक छनौट गरिनेछ ।

च) प्रस्तावहरु मिति २०७९।०१।०७ गते कार्यालय समय भित्र दर्ता गरी सक्नु पर्नेछ ।

छ) खेती गरिने प्रजाति भन्नाले जिल्लास्तरीय जडिवुटी विकास फोकल टिमले निर्णय गरे बमोजिम पामारोजा,लेमनग्रास,पचौली, तुलसी, सतावरी, अश्वगन्धा प्रजाती जनाउने छ ।

ज) जडिवुटी विकासका लागि पकेट क्षेत्र भन्नाले तपसिल बमोजिम जनाउने छ ।

| सि.न. | पकेट क्षेत्र |
|---|---|
| १ | हल्दिबारी गाउँपालिका क्षेत्र |
| २ | भद्रपुर नगरपालिका क्षेत्र |
| ३ | गौरादह नगरपालिका क्षेत्र |
| ४ | मेचीनगर नगरपालिका क्षेत्र |
| ५ | अर्जुनधारा नगरपालिका क्षेत्र |

ज) प्रस्ताव पेश गर्दा पकेट क्षेत्रमा रहेका महत्वपूर्ण जडिवुटि भण्डारण, प्रशोधन उधोग तथा उल्लेखीत जडिवुटी खेती विस्तार कार्यक्रमलाइं विशेष प्राथमिकता दिईनेछ ।

झ) वैदेशिक रोजगारबाट फर्कीएका युवाबाट पेश हुन आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ ।

ञ) प्रस्ताव आहृवान सम्वन्धि थप जानकारी चाहिएमा कार्यालयसमय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

ट) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

ठ) अन्य कुराहरुको हकमा प्रचलित कानुन (ऐन नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

**सम्पर्कको लागि ठेगाना**
डिभिजन वन कार्यालय,भद्रपुर,झापा
फोन न. ०२३४५५०५३फयाक्स : ०२३४५५१८९, ईमेल : *dfojhapa@dof.gov.np*